सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन २०८१

रत्ननगर नगरपालिकाको दोस्रो चौमासिक प्रतिवेदन

सहजिकरण गर्ने संस्था/निकाय

एस आर मिडिया रत्ननगर १ सौराहा चोक

सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदन २०८१

दोस्रो चौमासिक

CamScanner

पृष्ठभूमि : नेपालको संविधान २०७२ अनुसार राज्यको पुर्न संरचना भई तीन तहको सरकारको अवधारणाबाट निर्वाचन सम्पन्न भएको छ । जननिर्वाचित प्रतिनिधिहरुले सरकार सञ्चालन गरि रहेका छन्। तीन तहको सरकारले सञ्चालनको दायित्व अनुसार आ-आफ्नो ऐन, कानुन बनाउने र अधिकारको उपयोग गर्ने कार्यको थालनी भएकोछ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको ऐन कानून बमोजिम सरकार सञ्चालनको प्रकृया थालनी भएपछि स्थानीय सरकारले पनि सोही अनुरुप अभ्यास गर्दै आएका छन् ।

जसअनुसार विगतका संरचनाहरुमा रहेका शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, कृषि, पशु विकास लगायतका स्थानीय सरकार मातहत हस्तान्तरण भई सकेको अवस्था छ । विभिन्न विषयगत इकाइहरुमा रहेका सेवा प्रवाह आर्थिक विकास अन्तर्गत कृषि, विकास, पशु विकास, पर्यटन विकास, उद्यम विकास, सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, लैगिंकसमानता, सामाजिक समावेशीकरण, महिला, बालबालिका, आदिवासी जनजाती, दलित, अपाङ्ग, पिछडा वर्ग, जेष्ठ नागरिक, खेलकुद, खानेपानी सरसफाई सुशासनतथा अन्तरसम्बन्धित क्षेत्रतर्फ प्रशासकीय र वित्तिय सुशासन गरिबी निवारण, रोजगारी, वन वातावरण, विपद् व्यवस्थापन, लगायतका क्षेत्रमा नागरिकताको संग्लनता बढाउनतर्फ स्थानीय सरकार लागेका छन्।

स्थानीय तहको योजना तर्जुमा, कार्यान्वयन र लाभको हकमा समुदायको सहज पहुँच हुने अवस्था सिर्जना भएको छ । विकेन्द्रिकरणको अवधारणा अनुसार विकासका प्रयासलाई स्थानीय स्तरबाट नै सुरु गर्न सरकारले विभिन्न नीति नियमहरु लागू गर्दै आएको छ । तिनै ऐन, नीति, नियम तथा कार्यक्रमहरुले स्थानीय तहको सञ्चालन तथा व्यवस्थापन सुदृढीकरण गर्दै अगाडि बढाई रहेका छन् । कुनैपनि कार्यालयको कामलाई सुशासन, पारदर्शीता, जवाफदेहिता, र जनसभागीता र विधिको साशन स्थापनाको लागि सार्वजनिक सुनुवाई कार्यक्रम गर्ने चलन रहेको छ । जनताको आवाज तथा जनगुनासोहरुकोप्रत्यक्ष रुपमा सम्बन्धित संघ संस्था तथा कार्यालयका प्रतिनिधिहरुले जवाफ दिने कार्यक्रमलाई सार्वजनिक सुनुवाई भनिन्छ । यो कार्यक्रम जनताप्रतिको जवाफदेहीता, उत्तरदायित्व, र विकास सँग सम्बन्धित रहन्छ ।

CS CamScanner

रत्ननगर नगरपालिकाको कार्यालयबाट प्रवाह भइरहेको सेवा, विकास निर्माण, बजेट, भौतिक पूर्वाधार निर्माण, सामाजिक विकास, शिक्षा, स्वास्थ्य, सरसफाई लगायतका विविध विषयमा जनतालाई सुशासनको प्रत्याभूति दिनु र आम जनमानसमा स्थानीय सरकारलाई सफल एवं सबल संस्थाको रुपमा स्थापित गर्नका लागि सार्वजनिक सुनुवाई सञ्चालन गर्न सार्वजनिक सुनुवाई कार्यविधि २०६७ अनुसार वर्षको कम्तिमा तीन पटक सार्वजनिक सुनुवाई गर्ने गरी व्यवस्था मिलाइएको छ । तीनै व्यवस्थाहरुमध्ये **दोस्रो** चौमासिक अवधिमा सञ्चालन गरिएका योजना आयोजना तथा सम्पादन गरेका समग्रमा कार्यहरुको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको छ । नेपालको संविधान २०७२ को प्रस्तावनामा सहभागितामुलक र सुशासन लगायतका कुरामा प्रतिवद्धता रहेको उल्लेख गरिएको छ । यसका साथै स्थानीय सरकार सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७४, सुशासन प्रवर्द्धन रणनीति तथा कार्ययोजना २०७४, स्थानीय तह बजेट तर्जुमा कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिका २०७४, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४, सुशासन ऐन २०६४, सूचनाको हक ऐन २०६४, क्षतिपूर्तिसहितको नागरिक वडापत्र २०६९ लगायतले सुशासन प्रवर्द्धनका लागि जोड दिएको छ। स्थानीय तहमा सुशासन वा सामाजिक जवाफदेहिता प्रवर्द्धनका लागि विभिन्न औजारहरुको अभ्यास गर्न र उपभोक्ता समितिबाट सम्पन्न विभिन्न योजनालाई पारदर्शी बनाउने अभ्यासका लागि विभिन्न नीति, निर्देशिका, कार्यविधि तयार गरि सोही आधारमा स्थानीय तह सो सँग सम्बन्धित सेवाप्रदायक इकाईहरु र निकायबाट प्रवाह हुने सेवामा प्रभावकारी बनाउदै लैजाउन आवश्यक रहेको छ । यस सार्वजनिक सुनुवाई कार्यक्रमको सहजिकरण तथा सहकार्य एस आर मिडियाबाट भएको थियो ।

सार्वजनिक सुनुवाईको औचित्य

रत्ननगर नगरपालिकाको सार्वजनिक सुनवाई कार्यविधि २०६७ मा व्यवस्था भए अनुसार ०८०/०८१ आर्थिक वर्षको विनियोजित बजेट तथा कार्यक्रमहरुबाट सञ्चालन र सम्पादन गरेको कामहरुको सार्वजनिक सुनुवाई गर्नुपर्ने कुरा उल्लेख भएको छ । रत्ननगर नगरपालिकाको दोस्रो चौमासिक अवधिमा सञ्चालन भएका विकास निर्माणका कार्यहरु तथा स्थानीयको लागि पुऱ्याएको सेवा सुविधाहरुको बारेमा सेवाग्राहीको प्रतिक्रिया तथा गुनासाहरुका साथै आगामि दिनहरुमा सुधार गर्नका लागि चाल्नुपर्ने कदमहरु बारेमा जानकारी लिने महत्वपूर्ण कार्यहरुका लागि सार्वजनिक सुनुवाई कार्यले सघाउँछ । कानुनी शासन सामाजिक उत्तरदायित्व तथा सार्वजनिक जवाफदेहिताको कार्य जिम्मेवारी निभाउन यस कार्यले सघाउ पुऱ्याउने छ । यसको साथै हालको वर्षयता स्थानीय तहहरुको कार्यसम्पादनमा आधारित अनुदान वितरण पद्धति लागू गरेको स्थानीय छ तहको सार्वजनिक सुनुवाई कार्यलाई सूचनाको हक दिलाउने एउटा महत्वपूर्ण औजारको रुपमा राखिएकोले पनि सार्वजनिक सुनुवाईको महत्व र अपरिहार्यता प्रष्ट पार्दछ ।

CamScanner

कार्यक्रमबाट भएका उपलब्धिहरु

गाउँ/नगरपालिका र गाउँ/नगरबासीबीचको सम्बन्ध अझ प्रगाढ हुनेछ ।

योजना/आयोजना सञ्चालन र सेवा प्रवाह गर्दा देखिएका राम्रा नराम्रा दुवै पक्षको कार्यको मूल्याङ्कन हुनेछ ।

निष्कर्ष :

स्थानीय तहलाई सेवाग्राहीप्रति उत्तरदायी, पारदर्शी तथा जवाफदेही बनाउने र नागरिकलाई सेवा प्रवाहमा जनसहभागिता र चासो बढाउन सार्वजनिक सुनुवाई गर्ने कार्यक्रम प्रभावकारी देखिएका छन्। नागरिक एवं सेवाग्राहीको सक्रियतामा सार्वजनिक प्रशासनमा जवाफदेहिता बढाउन, स्वेच्छाचारी नियन्त्रण, सेवा वितरणमा जनगुनासो आउन नदिन र सेवाग्राहीलाई केन्द्रबिन्दुमा राखेर अशल शासन बनाउन सार्वजनिक सुनुवाई प्रभावकारी देखिएको छ । सार्वजनिक निकायमा गर्दै आएका कामलाई अझै सेवाप्रवाहमा थप सुधार ल्याउने वातावरण सिर्जना गर्न पनि यो उपयुक्त छ । नागरिकको सबैभन्दा नजिकको र सबैभन्दा महत्वपूर्ण निकाय पनि स्थानीय सरकार हो । स्थानीय सरकारप्रति जनचासो देखाइनु, काम कारवाही र सेवाप्रवाहमा जनसहभागितामूलक र विगतका गल्ती कमजोरी सच्याएर लैजाने प्रतिवद्धताको लागि यो सुनुवाई महत्वपूर्ण रहेको छ । नागरिकको गुनासो सुनुवाईबाट सार्वजनिक निकायमा न्यायपूर्ण सहभागिता कायम गरी सुशासनको प्रत्याभूति दिलाउन तथा साशन प्रकृयामा सहभागिता बढाउन सार्वजनिक सुनुवाईलाई ग्रामीण भेगकेन्द्रीत गर्नु आवश्यक छ । सार्वजनिक सुनुवाई कार्यक्रमको निरन्तरताले सेवाप्रवाहमा नागरिक सरोकार अझै बढ्नेछ । भने साशन प्रकृयामा पारदर्शिता अवलम्बनको लागि प्रभावकारी माध्यम बन्ने छ ।

CamScanner

रत्ननगर नगरपालिकाको

दोस्रो ~~प्रथम~~ चौमसिक सार्वजनिक सुनवाई

प्रतिवेदन

संलग्न कागजातहरु

१ भुक्तानि निवेदन

२ सवाल जबापलको लिखित व्यहोरा

३ नागरिक अभिमत पत्र

४ बहिर्गमन पत्र

५ उपस्थिती

६ सम्भौता पत्र

७ विलहरु

८ कार्यक्रमको तस्विर

CamScanner

प्रस्तुतकर्ता

एस आर मिडिया रत्ननगर ।

सार्वजनिक सुनुवाई संयोजन गर्ने ब्यक्तिको

नम :- केदार शर्मा

ठेगाना :- रत्ननगर २

सुनुवाई गरिएको बिषय बस्तुहरु

क. सेवा प्रवाह सम्बन्त्री

ख. भौतिक पुर्वाधार सम्बन्धी

ग. कृषि तथा पर्यटन

घ. सुशासन सम्बन्धी

कार्यक्रम आयोजना स्थल : रत्ननगर नगरपालिकाको परिसर

संचालन गरिएको समय : ३ घण्टा ४८ मिनेट

CamScanner

रत्ननगर नगरपालिका
सार्वजनिक सुनुवाई कार्यक्रम

रत्ननगर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सार्वजनिक सुनुवाई कार्यक्रम

रत्ननगर नगरपालिका

CamScanner

सुनुवाइ कार्यक्रम

CamScanner

उठेका प्रश्न/ जिज्ञाशा र उत्तर

प्रश्नकर्ताको नाम थर र ठेगाना आवद्ध संस्था	प्रश्न/ गुनासो /सुझाब	ज्वाफ दिनेको नाम थर ठेगाना	जवाफको व्यहोरा
शम्भुभक्त थपलिया रनपा ३	अघिल्ला चरणमा भएका सार्वजनिक सुनुवाइमा उठेका प्रश्नहरुको कमिकरुपले सुनुवाई हुनाले यस्ता कार्यक्रमहरुको प्रभावकारिता बढेको छ ।		
शम्भुभक्त थपलिया रनपा ३	सार्वजनिक जग्गा संरक्षणमा नगरपालिका किन सुस्ताएको हो ?		
चोक वहादुर गुरुङ रनपा १	सौराहा क्षेत्रको नदीको मापदण्ड कति मिटर हो?		
रश्मी काप्रि रनपा १६	फोहोर उठाउने र पोलमा बिग्रेका वत्ति बनाउ ढिला सुस्थि किन	सुकदेव लम्साल, प्रमुख प्रशासकिय अधिकृत	फोहोर व्उवस्थापनका विषयमा ठेक्का मार्फत काम

CamScanner

			भईरहेको छ त्यस अनुसार तालिका बनाएर व्यवस्थापन गरेका र त्यस्मा हाम्रो निग्रानी गरेको छ । पोलमा बिग्रेका बत्तिका सबालमा हामीसँग भएका कर्मचारीको समय हेरेर पठाउनेमा कहिले कतान कर्मचारि कम भएर पुग्न ढिला भयो ।
बिष्णु प्रसाद शर्मा रनपा १	बजेट बिनियोजन गर्दा तालिम तथा सिप बिकाशका कार्यक्रमलाई कम प्राथकिता दिन भएन ।		
सीता परियार रनपा ३	५० बर्ष देखि यहि बसेका हामी कहिले पाउने बास ? गरिबलाई यहाँको मेयरले हेर्नु ह'न्छ भन्दै आए		
दिपक थापा रनपा १३	नगरपालिकामा दमकल कहिले आउछ ? खैरहनीमा दमकल रहदाँ रनपामा		

	आगजनी हुदाँ नियन्त्रणमा समस्या भयो		
दिपक थापा रनपा १३	शिक्षा साखाबाट हुने सेवा प्रवाहाका सर्न्दभमा प्रमाण सहितका बेथितिका कुरा सुनियन ।		भर्ना शुल्क तथा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर कायम राख्न कहिकतै कसरत बाँकी राखेका छैनो । शिक्षामा विद्यार्थीले गरेको नतिजाका आधारमा कक्षा ८ क सर्न्दभमा नतिजन राम्रो भईरहेको छ ।
दिपक थापा रनपा १३	सामुदायिक विद्यालय अनुगमनका नाममा भएको खर्च जति भयो प्रतिफल आएन् ।	नारायण प्रसाद वाग्ले, शिक्षा शाखा प्रमुख	स्थानीय तहमा पर्याप्त शैक्षिक कर्मचारी कम भएकोले गर्दा समय मिलाएर विद्यालयको अनुगमन गरेकोमा । कक्षा कोठामा हुने शैक्षिक शिक्षण सिकाई कियाकलापको अनुगम गर्न नसकेको सत्य हो ।
लोकनाथ पौडेल रनपा १	स्थानीय पाठ्यक्रमलाई	नारायण प्रसाद वाग्ले, शिक्षा शाखा	

	सामुदायिक बिद्यालयमा मात्र नभई संस्थागत बिद्यालयमा पुर्याउन अनुरोध	प्रमुख	
राजेन्द्र कुमार श्रेष्ठ	रत्ननगरमा रहेको आर्योबेदिक बैकल्पीक चिकित्सालयलाई रत्ननगरले पनि स्विकार गर्न आवश्यक छ ।		ठेक्का लाग्दा देखि विद्यालय र पुस्कालयले जग्गा नछाड्दाको वेलामा सहजिकरण गरेको हो । मुख्य भुमिका मा बनायौ हाम्रो लागि सबै अस्पताल बराबर छन् ।
सितारमक महत्तो रनपा १	मागमा आधारित कार्यक्रमहरु सुचना दिने चर अनुगमन नगरि किसान कसरि छनोट हुन्छन् ?		अनुगमन भनेको कार्यक्रम परेपछि भुक्तानीका वेला हुन्छ अनुगमन
टिकाराम ढकाल रनपा १	सडक तथा नाला निर्माण गर्दा उपभोक्तालाई अग्रिम सुचना दिन पर्यो । सँगै बाटो र नालाको लेवलिङ फरक पर्दा बाटाको पानी नालामा नजाने समस्या छ ।	यादव प्रसाद पाठक , उप प्रमुख	अनुगमनका क्रममा कह्यौ त्रुटी छन् । कह्यूलाई त आमीले रकम निकाशामा रोक र काम सच्चाउन लगाएका थुप्रे उदारण छन् तर स्थानीयले चासो कम देखाउदा

CS CamScanner

			यस्ता समस्या आईरहेका छन् ।
कल्पना परियार रनपा ३	सुकुम्बासीको फर्म भरेको ३ बर्ष भयो तर वडा अध्ययक्षसँग जाँदा जहाँको सुकुम्बासी हो त्यहि जा भन्नु हुन्छ ।	सोहेन्द्रराज खरेल, रनपा ३ वडा अध्ययक्ष	क्षेत्राधिकार के हो भन्ने बुझ्न पर्यो । हामीसाग ५५ जना जति भुमिहिन सुकुम्वासी हुनुहुन्छ तर उहाँलाई कहाँ लगेर राख्ने त्यो मैले मात्रै सोच्ने कुरा रहेन् । त्यसैले यसको समाधानको लागि सिङ्गो नगर राजनितीक दलहरको पनि साथ र सहयोग चाहियो ।
मया परियार रनपा ३	हामीले लालपुर्जा प्राप्तिकालागि फर्म त भर्यौं तर लालपुर्जा कहिले पाँउछौं ।	यादव प्रसाद पाठक , उप प्रमुख	जग्गा नापजाँचको काम भईरहेको र रत्ननगरमा १७९७ कित्ता नाप जांच भंइसकेको छ । जग्गा हुनेको खोजी गर्दै नहुनेलाई जग्गा दिने काम हुनेछ ।
कपिल नारायण श्रेष्ठ	सडक निर्माण गर्दा खानेपानी र बिद्युतसँग सहकार्य गरेर सडक निर्माण पर्दा पटक पटक	यादव प्रसाद पाठक , उप प्रमुख	

CamScanner

	खन्न नपर्ने हुदाँ त्यस तर्फ समन्वय गर्न पर्यो ।		
कपिल नारायण श्रेष्ठ	बिजुलीका पोलमा छरपस्ट रहेका ईन्टरनेटका तारहरुको व्यवस्थापन गर्न पर्यो ।		नगर प्रहरीले बजार क्षेत्रबाट यस कामको थालनि गरेको छ ।
मधव प्रसाद पौडेल रनपा १	पलिका स्तरिय सार्वजनिक सुनुवाई गरिनु राम्रो हो र तर प्रदेश र संघिय सांसदलाई समेत समन्वय गरेर स्थानीय सरकाले त्यस्तो काम गर्यो भने अझ राम्रो हुने थियो ।	प्रल्हाद सापकोटा, नगर प्रमुख	यहाँ संघ र प्रदेशका सांसद मात्रै बलियो हुने भने टाँडिको सडक समेत बन्ने र त्यस्ता कार्यक्रम समेत गर्न सकिन्छ ।
चन्द्रमणि आचार्य रनपा २	आगामी सार्वजनिक सुनुवाइमा कार्यकारि सरले प्रस्तुत गरेको प्रतिवेदन सहभागिको हातहातमा पुग्ने व्यवस्था गर्न पर्यो ।		
चन्द्रमणि आचार्य रनपा २	पलिका स्तरिय जस्तै वडा स्तरमा पनि सार्वजनिक सुनुवाई गर्न पर्यो ।		

CamScanner

ोविन्द राज नेपाल नपा ५	रनपा ३ हाजीपुरमा रहेको अलपत्र पुल ५ बर्ष देखि अलपत्र रहेको हुदाँ त्यहाँ स्थानीय सरकारले के पहल गरेको छ ।	सोहेन्द्रराज खरेल, रनपा ३ वडा अद्ययक्ष	ठेक्का पाएको निर्माण व्यवसायीले पहुचमार्गको कारण देखाएर काम रोक्यो । यो कुरा लगभग ७ बर्ष अगाडिको हो । पुल सम्म पुग्ने बाटो नभएर काम रोकिएको भएपनि मुआब्जा दिएर पुल सम्म पुग्ने बाटो बनायौ र पछि पुरानो ठेक्का रद्ध गरेर नया ठेक्का मार्फत काम भईरहेको छ । अब छिट्टै पुल समपन्न हुनेमा विश्वस्त छु ।
ओम प्रकाश पाण्डे, क्षेत्रिय होटल संघ सौराहा	सौराहामा सुविधा सम्पन्न पर्यटक बसपार्क निर्माण गर्न पहल गर्न पर्यो । र सौराहा सौन्दर्यकरणका लागि बिशेष ध्यान दिन पर्यो ।		स्टान्डर मापदण्डको सडकहरु निर्माण गरिएको छ हिजको सौराहा र आजको सौराहा हेर्दै गर्दा पनि सुन्दर देखिएको छ । बसपार्क सन्र्दभमा पनि सोचिरहेको र त्उसको निकास

			पनि छिट्टै हुने छ ।
हरिकुमार श्रेष्ठ, एकिकृत समाजवादी	उत्पादनसँग नगरपालिकालाई जोडेनौ भने आय मुलकसँग जोडिएन भने नगर समृद्ध बन्दैन ।		
हरिकुमार श्रेष्ठ, एकिकृत समाजवादी	नेपालमा आउने कुल पर्यटन मध्य ३० प्रतिशत मात्र आउने गरेका छन् यहाँ पर्यटक भित्रिदा बिमान्स्थल तथा बिभिन्न नाकमा सौराहाको बिज्ञापन गरेर पर्यटक भित्राउन सकिन्छ ।		
गोविन्द अधिकारी राष्ट्रिय प्रजातन्त्र पार्टी	सौराहामा भएको वन्यजन्तु र मानव विचको द्वन्ध कसरि घटाउने? सौराहामा निर्धक भएर पर्यटक कहिले भित्रन्छन ।		सौराहामा रहेको जुजंगली हात्तीको कुरा छ जस्मा सहजीकरणको बैठक बसेको र व्यवस्गापनका लागि विभागमा पत्राचार भईसकेको र यस्को व्यवस्थापन छिटटै हुने छ ।
श्याम बराल,	नगरपालिकामा हुने		

नेकपा माओवादी केन्द्र	खरिद प्रकियामा स्थानीय व्यवसायीलाई खरिद प्रकियामामा सहज बनाउन पर्यो ।		
ईश्वरी प्रसाद अर्याल , नेकपा एमाले	समपत्ति कर र भुमि करका बिषयमा जनतालाई स्पष्ट पार्न आवश्यक छ ।	प्रल्हाद सापकोटा, नगर प्रमुख	समपति,भुमि करका बिषयमा कर नबढाएको अहिले सडक निर्माण भयो सोहि अनुसार कर लिने र मालपोत कार्यलयको निती अनुसार तोकिएको ।
रामचन्द्र पौडेल, नेपाली कांग्रेस	रत्ननगरको पर्यापर्यटन अब्वल हुन पर्यो ।	प्रल्हाद सापकोटा, नगर प्रमुख	रत्ननगर पर्यटन बिकाश समिती बनाएर कार्योजना बनाएर अगाडी बडाएका छौं ।

CamScanner

प्रश्नावली भाग– 1

अनुसूची – २

बुँदा नम्बर ६.१३. सँग संबन्धित

नागरिक प्रतिवेदन

(Citizen Report Card)

(सन्तुष्टि वा असन्तुष्टिजनाउने)

उत्तरदाताको नामर घर :– .... जातजाति :..........................

लिङ्ग : ( ) महिला ( ) पुरुष( ) उमेर............ शिक्षा.................................... पेशा.............................

ठेगाना:...................................गाविस/नपा, वडा नं. ....सम्पर्क फोन नं.....................

---

१. **सेवाको सन्तुष्टि**

१.१ तपाईले यस कार्यालयवाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?

सन्तुष्ट (३८) ठीकै(११) असन्तुष्ट(१)

१.२ सेवा लिन जाँदा कर्मचारीकेव्यवहारप्रति तपाई कतिकोष्टसन्तुहुनुन्छत ?

सन्तुष्ट(३८) ठीकै(११) असन्तुष्ट(१)

२. **सेवाको नियमितता**

२.१ नागरिक वडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट(२८) ठीकै(२०) असन्तुष्ट(२)

२.२ कार्यालय नियमित रुपमा(कर्मचारीको उपस्थिति, समय पालना, कार्यचुस्तता) सञ्चालन भएको छ भन्ने कुरामा कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (४०) ठीकै(१०) अविश्वस्त( )

२.३ तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम् तिनभयो ?

तिरेको छैन(५०) एकदमै कम (०) धेरैतिरेको(०)

२.४ यस कार्यालयले सार्वजनिक चासो तथा समस्या समाधानगर्नऔसत कति दिन लगाउने गरेकोछ?

१ दिन (३०) २ दिन (१५) धेरैदिन (५)

३. सेवाप्रतिको जनविश्वास

३.१ यस संस्थाले दिने सेवाप्रति तपाई कतिको विश्वस्त हुनुहुन्छ ?

विश्वस्त (३३) ठीकै(१६) अविश्वस्त (१)

३.२ यस कार्यालयले प्रदान गरेको सेवाको वारेमा अरुलाईगराईजानकारी कत्तिकोप्रचारगर्नु भएको छ ? .

धेरै( ) ठीकै( ) गरेको छैन( )

३.३ यस संस्थामा कार्यरत कर्मचारी प्रति तपाईको विश्वास कत्तिको छ ?

धेरै(३०) ठीकै(१९) विश्वास छैन(१)

३.४ यस कार्यालयले विपन्न वर्गको लागियाएकोछुट सेवा प्रयोग थाहागरेकोपाउनु भएको छ ?

छ (२८ छैन (११) अलिअलि थाहा छ ( ) ११

४. सेवाको गुणस्तर

४.१ यस कार्यालयवाट सेवा लिंदा कार्यालयले दिएको जानकारीवाट कतिको सन्तुष्ट हुनुहुन्छ ?

सन्तुष्ट (३८) कम सन्तुष्ट(११) असन्तुष्ट(१

४.२ तपाई यस कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

आफैं(४०) गाउँका लावडाकोठ(५) मध्यस्थकर्ता(५

४.३ यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?

१ पटक ( ) ३० २ पटक १५ ( ) सो भन्दा बढी(५)

प्रश्नावलीभाग – २

नागरिक प्रतिवेदन पत्र

१ सिफारिस सम्बन्धी

१.१ सिफारिसको लागि चाहिने आवश्यक कागजातहरुको प्रष्ट जानकारी पाउनु भयो ?

पाएं(४०) ठीकैपाएं(१०) स्पष्ट पाइन ( )

१.२ कुनैसिफारिसको लागि लाग्ने दस्तुर बाहेक अतिरिक्त रकम दिनु पर्‍यो?

दिएं ( ) थोरै दिएं ( ) मागिएन र दिइएन पनि ( ) ५०

१.३ त्यहाँबाट दिनेसिफारिस लिंदा कसको सहयोग लिनुभयो?

आफै(४०) मध्यस्थकर्ता वाकार्यालयकै मान्छे ( ) ४०(५) नेता हुनावडा(५)

)

२. पूर्वाधार तथा सरसफाईसम्बन्धी

२.१ कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?

राम्रो(३८) ठीकै(१२) खराब ( )

२.२ कार्यालयमा सरसफाईसम्बन्धी गुनासो गर्दा त्यसमाथि कारवाही कोत्ति गरिन्छ ?

तुरुन्तै हुन्छ(३०) पटक पटक भनेपछि मात्रै हुन्छ(२०) जति भनेपनि हुन्न( )

२.३ तपाईकोविचारमा जि.वि.स./न.पा./गा.वि.स. ले सरसफाई तथा जनस्वास्थ्य सम्बन्धी कार्यक्रमके कस्तो किसिमलेगर्छ?

नियमित र राम्रो संग(४०), ठीकै गर्छ(९) नियमित रुपमा गर्दैन(१)

२.४ तपाईको गाविस/नगरपालिकामा विकास निर्माणको स्थिति कस्तो? छ

राम्रो (४५) ठीकै(५) खराब ( )

२.५ सञ्चालन गरेका योजनाहरुकत्तिकोप्रभावकारी छन्?

प्रभावकारी छन्(४०) ठीकै छन्(१०) प्रभावकारी छैनन्( )

२.६ योजनाकोबिल भुक्तानी दिने व्यवस्था कस्तो छ ?

सहज (30) सहज ([illegible]) ठीकै(10) अप्ठयारो ( )

२.७ योजनाहरु जांचपास गर्दाविधिकहरुलाईप्रा रकम दिनुपर्छ?

पर्दैन(40) मागेरैलिन्छन्( ) रकम नदिए अप्ठ्यारो पार्छन्

२.८ योजना सञ्चालन गर्दाप्राविधिक सहयोग कत्तिको नुपाउभयो ?

सजिलै पाइयो(34) कहिले कांही पाइयो(12) माग गर्दापनि पाइएन

२.९ विकास निर्माणका वारेमा जानकारीग्दाम पाउनुहुन्छ ?

सजिलै पाइन्छ (35) सोधेपछि पाइन्छ( )15 सोधेपनिपाइदैन

३. यस कार्यालयको तल दिइएका विविध पक्षहरुमा तपाईको अनुभव कस्तो छ ?

३.१ आर्थिक श्रोत कस्तो छ ?

आवश्यक श्रोतउपलब्ध (45) कम श्रोत उपलब्ध (5) अति कम श्रोतउपलब्ध ( )

३.२ काम गर्ने प्रणाली र प्रक्रिया कस्तो छ ?

अति सरल (38) ठीकै(12) जटिल ( )

३.३ कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?

आवश्यक सीप छ (40) आवश्यकता भन्दा कम छ (10) सीप निकै कम छ

३.४ जि.वि.स./न.पा./गा.वि.स. कोआम्दानी र खर्च बाहिरसूचना पाटीमा टांसेको देख्नुभयो ?

(19)

टांसेकोदेखेकोछु(28) कहिले कांहीटांसेको देखिन्छ(खैकतै देखिएन 3

३.५ कार्य सम्पन्नको आधारमा मूल्यांकन भएको छ कि छैन ?

छ ( ) ठीकैमूल्यांकन हुने गरेको( ) छकहिले पनि भएकोथाहा छैन

३.६ वर्तमानकार्यसञ्चालन संरचनाप्रति कतिको सन्तुष्टनुहुन्छ ?

सन्तुष्ट( ) ठीकै ( ) कुनै जानकारी छैन।

४ पारदर्शिता सम्वन्धी

४.१ जि.वि.स./न.पा./गा.वि.स. मा अहिलेसम्म यस वर्ष कतिवटा सार्वजनिक सुनुवाइ कार्यक्रम सम्पन्न भए ?

१ वटा (४०) २ वटा (६) कार्यक्रम बारे कुनैजानकारी नैछैन( ) ४

४.२ जि.वि.स./न.पा./गा.वि.स. मा अहिलेसम्म कतिवटा सार्वजनिक परीक्षण कार्यक्रम सम्पन्न भए ?

धेरै (३८) कम (१२) भएकै छैन( )

४.३ जि.वि.स./न.पा./गा.वि.स. मा वार्षिक रुपमासामाजिक परीक्षण भएको छ ?

(३२) ← भएको छ( ) अहिलेसम्म सञ्चालन भएकै छैन(कार्यक्रम बारे कुनै जानकारी नै(छैन →(१८)

४.४ सार्वजनिक सुनुवाइमा गरिएका सार्वजनिकतबद्धताप्रा कत्तिको कार्यान्वयन भएको? छ

धेरै(३५) ठीकै(१०) कम (५)

४.८ सार्वजनिक सुनुवाइको अनुगमन गर्ने संयन्त्रको विकास भएको छ ?

संयन्त्र वनेको (छ)कुनै संयन्त्रकोवनेछैन( ) कुनैजानकारी नै छैन( )

४.९ यस कार्यालयको वार्षिक नीति, कार्यक्रमर श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?

धेरै जानकारी पाएको (छ ठीकै जानकारी पाएको छ कम जानकारी पाएको छ

(३८) (१०) (२)

(३०) [illegible]

अनुसूची-३

बहिर्गमनअभिमत ·Exit Poll ·

संकलन गर्नेढाँचा

बुँदा नम्बर ३ ४ सँग सम्बन्धित

१ सेवाग्राहीको लिङ्ग– पु / स्त्री:

२ जात :

३ उमेर :

४ शिक्षा :

५ कार्यालय सम्म आइपुग्दाको समय : .

६ यस कार्यालयको काममा मात्र आउनु भएको हो वा अन्य कामको लागि पनि

७ कार्यलयमा देहायको कुन कामको लागि आउनु भएकोरजाहो चिन्ह दिनुहोस्।

क) सिफारिस लिन / पुऱ्याउन

ख) दर्ता / नवीकरण

ग) आर्थिक सहयोग लिन

घ) योजना माग गर्न

ङ) योजनाको किस्ता लिन

च) योजनाको मूल्याङ्कन गराउन

छ) योजनाको अन्तिम भुक्तानी लिन

ज) स्थानीय निकायले राखेकोचनासूप्रान्त गर्न

झ) सूचनामूलक सामग्री प्राप्तर्न स

ञ) अन्य कुनै भए

सि.नं	सेवाको नाम	मूल्याङ्कन-उपयुक्त कोष्ठमा रेखा लगाउने		
१	[illegible] तपाईलाई स्पष्ट जानकारी भयो	अति स्पष्ट ६	ठीकै २३	अस्पष्ट २
२	[illegible] तपाईको आवश्यकता र अपेक्षा अति बुझे जस्तो लाग्यो	अति धेरै ६	ठीकै २२	[illegible] २

CamScanner

३	तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?	मिलनसार र मैत्रीपूर्ण ९४	ठीकै ९८	अभद्र/असभ्य
४	सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाइलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?	अति स्पष्ट गरिदिए १०	ठीकै 22	अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए
५	तपाईंले गर्नुभएका समस्यालाई–कस्तो समाधान दिए ?	अति सजिलो तरिकाबाट समाधान दिए १०	ठीकै 22	समाधान दिन सकेनन्
६.	सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया–कस्तो लाग्यो ?	अति सजिलो (छोटो) ११	ठीकै १५	जटिल र झन्झटिलो 2

कार्यालयको कुन–कुन पक्षमा धेरै राम्रो लाग्यो,– कुन पक्षलाई सुधार गर्नुपर्ने देखियो ?

राम्रा लागेका कुराहरु	सुधार गर्नुपर्ने विषयहरु
१. गरिब विपन्नकालागी	१. HS को [illegible]
२. सहयोग निरन्तरता राम्रो।	२. [illegible]
३.	३. [illegible]
४.	४. [illegible]
५.	५. [illegible]